ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावहरुः

१. समपुरक र विशेष अनुदान माग सम्बन्धमा ।
२. अध्ययन बिदा स्वीकृतिको लागि सिफारिस सम्बन्धमा ।
३. स्थानीय विदा सम्बन्धमा ।
४. वडाको बजेट सम्बन्धमा ।
५. विविध

निर्णयहरुः

१. आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि संघ तथा प्रदेश सरकारसँग तपसिलका योजनाहरुको लागि अनुदान माग गर्ने निर्णय गरियो ।

तपसिलः

- संघीय विशेष अनुदानको लागि
  - बाल मैत्रि स्थानीय शासन कार्यक्रम

- संघीय समपुरक अनुदानको लागि (लागत साझेदारी)
  - चुकाह छेडाघाट ऐरावती सडक स्तरोन्नती ऐरावती गा.पा.-१ (थप रकम माग गर्ने )
  - महिला वालवालिका तथा जेष्ठ नागरीक संरक्षण केन्द्र ऐरावती गा.पा.-५ (नयाँ माग)
  - बैरेनी उदिक खम्चि खैरा सडक स्तरोन्नती तथा नयाँ ट्र्याक निर्माण ऐरावती गा.पा-५ र ६ (थप रकम माग गर्ने )
- प्रदेश समपुरक अनुदानको लागि ( लागत साझेदारी)
  - कुटिलेख पर्यटकिय क्षेत्र निर्माण ऐरावती-१
  - हरियाखोला जाबुने सडक स्तरोन्नती ऐरावती-३
  - बरौला नेपाने रानीबास माझिदमार सडक स्तरोन्नती ऐरावती-१र२
  - झिवाङ खेल मैदान ऐरावती-५

- प्रदेश विशेष अनुदानको लागि
    - एकीकृत सरसफाइ अभियान तथा विशेषज्ञसहितको स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम

२. कर्मचारी समायोजन ऐन २०७५, बमोजिम यस गाउँपालिकामा समायोजन भएका तपसिल बमोजिमका कर्मचारीहरुलाई उच्च शिक्षा अध्ययनको लागि आवश्यक पर्ने (३ वर्ष) बिदा स्वीकृतीको लागि प्रदेश प्रमुख सचिव, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने निर्णय गरियो।

ऐरावती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बरौला, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

तपसिलः

| क्र.स. | कर्मचारीको नाम/थर | संकेत नम्बर | हालको पदको विवरण | अध्ययन गर्न चाहेको संकाय |
|---|---|---|---|---|
| १ | कमला थापा | २२२७३६ | सि.अ.न.मि.(पाँचौ तह) | B M S |

३. मिति २०८२ साल फाल्गुण १५ गतेका दिन ४४ औं मगर दिवसको अवसरमा गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था ( अत्यावश्यक सेवा बाहेक ) तथा अन्य संघ संस्थाहरुमा सो दिन स्थानीय बिदा दिने निर्णय गरियो।

४. ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडागत बजेट रु १० लाखको ब्रेक डाउन तपसिल अनुसार गर्ने निर्णय गरियो । यो वर्ष नसमेटिएका वडामा अर्को वर्ष बजेट विनियोजन गर्ने निर्णय गरियो।

| क्र.स. | वडा नं. | रकम रु |
|---|---|---|
| १ | वडा नं. १ | ४ लाख |
| २ | वडा नं. २ | ३ लाख |
| ३ | वडा नं. ३ | ३ लाख |

५. विविधः

- ऐरावती गाउँपालिका पूर्वाधार शाखामा कार्यरत सव- ईन्जिनियर सितल आचार्यले प्रयोग गर्ने AAA8719 नम्बरको मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले पाण्डे मोटरसाईकल पार्टस एण्ड वर्कसप बरौलालाई ईष्टिमेट विल अनुसार भुक्तानी दिने निर्णय गरियो।
- ऐरावती गाउँपालिका वडा नं. ५ निवासी तिल बहादुर शाहको वर्षातको कारण घरको आगन पहिरो गई घर जोखिममा रहेकोले घरको संरक्षणको लागि मेसेनरी

वाल निर्माण गर्नको लागि विपद् ब्यवस्थापन कोषबाट रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

- ऐरावती गाउँपालिका वडा नं. ६ उदिक निवासी पदम बहादुर थापाको लिभरमा देखिएको समस्याको कारण अप्रेशन गर्नुपर्ने भएकोले नीजको आर्थिक अवस्था कमजोर रहेकोले उपचारमा सहयोगार्थ रु १५ हजार उपलब्ध गराउने निर्णय गरियो ।